नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५५)काठमाडौं,असार२९गते२०६२साल(अतिरिक्ताङ्क२३(उ)

भाग ३

श्री ५ को सरकार

सूचना तथा सञ्चार मन्त्रालयको सूचना

राष्ट्रिय प्रसारण (पहिलो संशोधन) नियमावली, २०६२

राष्ट्रिय प्रसारण नियमावली २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त, नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "राष्ट्रिय प्रसारण (पहिलो संशोधन) नियमावली, २०६२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा नियम १०क. थपः राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १० पछि देहायको नियम १०क. थपिएको छः-

"१०क. कण्डिसनल एक्सेस सिस्टम जडान गर्नुगर्नेः (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी इजाजतपत्र प्राप्त व्यक्तिले नेपाल अधिराज्यको कुनै क्षेत्रमा सोही सूचनामा उल्लिखित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवधिभित्र कण्डिसनल एक्सेस सिस्टम जडान गर्नुपर्ने गरी तोक्न सक्नेछ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि 'कण्डिसनल एक्सेस सिस्टम" भन्नाले केवुलबाट प्रसारित टेलिभिजन च्यानलहरूमध्ये ग्राहकले माग गरेको च्यानल मात्र निजको टेलिभिजनमा प्रसारण गर्ने व्यवस्थाको लागि जडान गरिएको सेटअप बक्स सहितको प्रसारण प्रविधिलाई जनाउनेछ।

२) इजाजतपत्र प्राप्त व्यक्तिले उपनियम (१) बमोजिम तोकिएको क्षेत्रमा सो अवधिभित्र कण्डिसनल एक्सेस सिस्टम जडान गर्नुपर्नेछ।

३) कण्डिसनल एक्सेस सिस्टम जडान गरेपछि इजाजतपत्र प्राप्त व्यक्तिले देहायका विवरण अध्यावधिक गरी त्यस्तो विवरण विद्युतीय अभिलेखमा समेत राख्नुपर्नेछः–

क) ग्राहक संख्या,

ख) प्रत्येक ग्राहकलाई उपलब्ध गराइएको च्यानल संख्या,

ग) खण्ड (क) वा (ख) बमोजिमको विवरणमा कुनै फेरबदल भएमा त्यसको विवरण।

४) उपनियम (३) बमोजिमको विवरण इजाजतपत्र प्राप्त व्यक्तिले प्रत्येक छ महिनामा मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।"

आज्ञाले,
लोकमान सिंह कार्की
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।–

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

320